स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सृष्टि श्रेष्ठ र नाजिर हुसेनले मंगलबारदेखि जनकपुरमा आगामी फिल्म 'केटी हराएको सूचना : मिसिङ'को छायांकन थालेका छन् । काठमाडौंमा तीन दिन सुटिङ गरेर टोली धनुषा लागेको हो । एक महिनाको सेड्युल रहेको फिल्मको बाँकी छायांकन सबै जनकपुरमा हुनेछ । निर्माता नकिम उद्दिनले सबै सुटिङ जनकपुरमै हुने जानकारी दिए । यो फिल्मलाई 'उजेली' सिरिज फेम्ड दीपेन्द्र गौचनले निर्देशन गरिरहेका छन् । 'मिसिङ' सृष्टि र नाजिरको पहिलो सहकार्य प्रोजेक्ट पनि हो ।

आजको विचार...



श्रीमननारायण

बाध्यताको...
(दुई पेजमा)

टिकटकबाट उदाएकी मोडल हुन् गरिमा शर्मा । टिकटकपछि म्युजिक भिडियो हुँदै उनी अहिले फिल्मसम्म पुग्न सफल भएकी छन् । फिल्म यात्रा उनको 'लन्डन टू पेरिस'बाट सुरु भएको हो । केही वर्ष अगाडि सुरु भएको फिल्म भर्खर छायाँन सकिएको छ । फिल्मको छायाँनसँगै फिल्म रिलिजको प्रतीक्षामा उनी छिन् । किनभने यो फिल्मबाट नेपाली रजतपटमा उनको उपस्थिति देखिनेछ । उनले यो फिल्मको प्रदर्शनपछि आफ्नो हातमा धेरै काम पर्ने आस उनको छ । फिल्ममा घनश्याम लामिछाने निर्देशित फिल्म हो ।



❒ वर्ष २९ ❒ अंक २२४ ❒ २०८० फागुन ३० गते बुधबार 13 March 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आवासीय भवन भत्किँदा ९ जनाको मृत्यु



(रासस-सिन्ह्वा)

**इस्लामाबाद,** फागुन २९/ पाकिस्तानको पूर्वी पञ्जाब प्रान्तको मुल्तान शहरमा मंगलबार आवासीय भवन भत्किँदा कम्तीमा ९ जनाको मृत्यु भएको छ भने २ जना गम्भीर घाइते भएका छन् ।

उक्त तीनतले भवन मंगलबार बिहानै भत्केको जानकारी पाउँनासाथ उद्धार कार्यमा जुटेको उद्धार कार्यको नेतृत्व गरिरहेका मुल्तानका जिल्ला आपतकालीन अधिकारी कलीम उल्लाहले सिन्ह्वालाई बताएका छन् । घाइतेहरूलाई स्थानीय अस्पतालमा लगिएको उनले जानकारी दिए । मृत्यु हुनेमा एकै परिवारका ७ जना रहेको उल्लाहले बताएका छन् । भवन भत्किनुको कारणबारे अनुसन्धान शुरु गरिएको छ ।

# गुल्मीको धुर्कोटको 'विचित्र गुफा'मा विदेशी पर्यटक

रासस

**गुल्मी,** फागुन २९/जिल्लाको धुर्कोट गाउँपालिकामा रहेको विचित्र गुफामा पहिलो पटक विदेशी पर्यटक पुगेका छन् । धार्मिक एवं ऐतिहासिक तथा पर्यटकीय क्षेत्रका रुपमा पहिलो पटक १७ फ्रान्सेली नागरिक गुफा हेर्न पुगेका हुन् ।

यति धेरै संख्यामा बाह्य पर्यटकको आगमन भएपछि गुफा समिति र गाउँपालिकाले टीका तथा माला लगाएर पर्यटकलाई स्वागत गरेको गाउँपालिकाका अध्यक्ष भूपाल पोखेलले बताए । पहिलो पटक गुफा पुगेकी ८२ वर्षीय फ्रान्सेली नागरिक मार्गट लिनदेन गुफा हेरेपछि आफू निकै खुसी भएको बताए । निकै सुन्दर र रमणीय ठाउँ भएको भन्दै उनले आफू स्वदेश फर्केपछि अरू साथीहरुलाई पनि यसको महत्व र सुन्दरताका बारेमा जानकारी



गराउने बताए । गुफाभित्र देखिएका दृश्य साह्रै आकर्षक र भिन्नभिन्न आकृतिले प्राकृतिक रुपमा सजिएको उनको भनाइ थियो । गुफामा पुगेका पर्यटकले भजन गीतको तालसँगै नाचगान गरेर एकापसमा खुसी साटासाट गरेका थिए । गुल्मीको सदरमुकाम तम्घासदेखि पाँच कोष उत्तरमा धुर्कोट-५ अन्तर्गत वस्तुमा यो गुफा रहेको छ । विसं २०४५ मा बारीमा मकै खान गएको बाँदरलाई लखेट्ने क्रममा स्थानीय जनार्दन भण्डारीले पहिलो पटक उक्त ठाउँमा गुफा रहेको पत्ता लगाएका थिए ।

विगत लामो सयमदेखि विचित्र गुफा हेर्नका लागि आन्तरिक पर्यटकको घुइँचो लाग्ने गरेको छ । पछिल्लो समयमा यसको प्रचारप्रसार स्वदेशमा मात्र नभई विदेशमा पनि हुन थालेपछि विदेशी पर्यटकको समेत आगमन हुन थालेको हो ।

विभिन्न समयमा एक/दुई जना काम विशेषले आएको समयमा फाटफुट रुपमा विदेशी नागरिक गुफा हेर्नका लागि आउने गरे पनि यस पर्यटककै रुपमा गुफा हेर्नका लागि यति धेरै फ्रान्सेली नागरिक आएको गाउँपालिका अध्यक्ष पोखेलले जानकारी दिए ।

गाउँपालिकाको आग्रहमा अरविन्द्र आश्रममा योग साधनाका लागि आएका उनीहरु आश्रमका गुरु रामचन्द्र दासको नेतृत्वमा टोलीले गुफाको अवलोकन गरेको हो । गुफाको लम्बाइ एक सय ८५ मिटर र चौडाइ तीन सय ५० मिटर रहेको छ । यति लामो भू(भागमा फैलिएको विचित्र गुफाको मुख्य द्वारबाट भित्र पसेपछि थप पाँच द्वारको प्राकृतिक आकार देख्न सकिन्छ । स्थानीयका अनुसार विसं २०४५ को असारमा गुफा पत्ता लागेको हो । गुफा बाहिरको प्राकृतिक सुन्दरता र हरियालीले गुफाको थप शोभा बढाएको छ । गुफाको भित्तामा देखिने धार्मिक महत्व बोकेका विभिन्न आकृतिका चित्रले थप आकर्षण बढाएको छ । गुफा क्षेत्रको विकासका लागि अहिलेसम्म गाउँपालिका, प्रदेश र संघबाट गरी रु दुई करोडभन्दा बढी रकम लगानी भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्ञानुराम पन्थीले जनाकारी दिए । उक्त गुफा सदरमुकाम तम्घासबाट १८ किलोमटरको दूरीमा पर्दछ ।


## वैदेशिक रोजगारीका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरु

- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारीमा नजाऔं,
- वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,
- आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,
- अर्काको लहैलहैमा वैदेशिक रोजगारमा नजाऔं,
- ईजाजत प्राप्त कम्पनी मार्फत रोजगारीमा जाऔं, दलालको फन्दामा नपरौं,
- सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं,
- नेपालको विमानस्थल प्रयोग गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,
- सरकारले तोकेभन्दा बढी रकम मागेमा तुरुन्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,
- विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारिक माध्यमबाट मात्र घर पठाऔं,
- विदेशमा फजुल खर्च नगरौं, कमाएको रकम बचत गरी घर फर्की आफै उद्यमी बनौ,
- श्रम स्वीकृतीको अवधि सकिएपछि अनिवार्य स्वदेश फर्किऔं,
- पुन: जानु पर्ने भए श्रम स्वीकृति लिएर मात्र जाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड


# राष्ट्रिय सभाको अध्यक्षमा नारायणप्रसाद दाहाल निर्वाचित

**पाल्पा,** फागुन २९/राष्ट्रिय सभाको अध्यक्षमा सांसद नारायणप्रसाद दाहाल निर्वाचित भएका छन् । राष्ट्रिय सभाको मंगलबारको बसेको बैठकले अध्यक्षमा सांसद नारायणप्रसाद दाहाल निर्वाचित गरेको हो ।

मतविभाजन प्रक्रियाको मत( परिणाम सुनाउँदै सभाको अध्यक्षता गरेकी उपाध्यक्ष उर्मीला अर्यालले दाहालका पक्षमा ३९ मत परेकाले दाहाललाई निर्वाचित गरियोस् भन्ने प्रस्ताव पारित भएको घोषणा गरेकी थिइन् । दाहालका प्रतिस्पर्धी विपक्षी दलका उम्मेदवार नेपाली काँग्रेसका सांसद युवराज शर्मालाई निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा १७ मत परेको थियो । दुवै प्रस्तावको मतदानमा ५६ सांसद सहभागी भए भने एक सांसद तटस्थ बसेका थिए । कुल ५९ सदस्यीय हुने सो सभामा हाल ५८ सदस्य कायम छन् । दाहाललाई अध्यक्ष पदको उम्मेदवारका लागि माओवादी



केन्द्रका सांसद गोपीबहादुर सार्की अछामीले प्रस्ताव गरेको थियो भने नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद देवेन्द्र दाहाल, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद बेदुराम भुसाल र जनता समाजवादी पार्टी नेपालका सांसद मोहम्मद खालिदले समर्थन गरेका थिए ।

नेपाली कांग्रेसका उम्मेदवार शर्मालाई अध्यक्ष पदमा नेपाली काँग्रेसका सांसद आनन्दप्रसाद ढुङ्गानाले प्रस्ताव गरेका थिए भने काँग्रेसकै सांसद किरणबाबु श्रेष्ठ र लोकतान्त्रिक समाजवादी पार्टी नेपालका किशोरकुमार सिंहले समर्थन गरेका थिए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## सरकार र जनविश्वास

भर्खरै गठबन्धन फेरिए पछिको सरकारलाई वैधानिकता प्रदान गर्न प्रधानमन्त्री र सत्ता पक्ष अहिले कस्सिएर लागेका छन् । विश्वासको मत संसदबाट प्राप्त गर्ने विश्वासलाई अविश्वासले छोप्छ कि भन्ने चिन्तनले प्रधानमन्त्री चिन्चित देखिनु पनि स्वाभाविकै हो । तर यो पटक विगत जस्तो सहज भने देखिदैन । संसदको संख्या जोड घटाउलाई यो सरकारी तौर तरिका विगतको भन्दा अलिक भिन्न छ । विश्वासको मत संख्यात्मक रुपमा पुग्ने अवस्था रहे पनि यो सरकार प्रतिको जनविश्वास भने कमि आएको छ, जनता आशावादी देखिंदैनन् । आशा र भरोशाका खाडलहरु गहिरिएका छन् । रुप रंगले सरकार ढल्ने दिन गन्तीहरु पनि विश्वास पाएसँगै शुरु हुनेछन् । मुलुकको राजनैतिक अस्थिरताले जतातै ढाकेका कारण सरकारको आयु यो पटक पनि सोचे जस्तो गरेर पूरा हुने कुरा माथि शंका उपशंकाहरु छाएका छन् । संसद जस्तो गरिमामयी संस्था कानुन निर्माण भन्दा पनि सरकारहरुका आयु घटाउने र बढाउने खेल बाहेक खासै अरु कर्मबाट बञ्चित भएका कारण पनि यस्तो अवस्था आएको हो । विकास र जनपक्षीय भावी योजना निर्माण, देशलाई समग्र विकासको बाटो पहिल्याउने काममा यो सरकारबाट पनि जनताका आवश्यकताहरु पूरा हुँदैनन् कि भन्ने चिन्ताले गर्दा राजनीतिसँगै अस्थिर सरकारले आफ्नो आयुलाई निश्चित समयसम्मका लागि पनि स्थायित्व दिन सक्ने कुनै कोणबाट पनि आधारहरु देखिदैनन् ।

केन्द्र सरकारमा देखिएको विचलित चालले जनताका आवश्यकता भन्दा पनि दलीय व्यवस्थाकै बदनाम गर्ने अपत्यारिलो कदम हो भन्ने कुरामा देशीविदेशी शक्तिहरुले नजिकबाट नियालिरहेको हुँदा यो सरकारले देशलाई निकास दिंदैन, बरु लोकतन्त्रिक संविधान कार्यान्वयनमा समेत समस्या श्रृजना हुन सक्छ । त्यस कारण संसद भित्रको जोड घटाउको खेलभन्दा पनि स्थायी र भरपर्दा कामले जनविश्वास जित्नका लागि सरकारका नीति तथा कार्यक्रमहरु समयको माग अनुसार हुनुपर्ने हुन्छ । अनि बल्ल सरकार, सरकार जस्तो देखिन्छ र यसले स्थायित्व प्राप्त गर्न सक्छ ।

## Opinion @ Social Network

यदि तिमी दु:खी बन्न चाहान्छौ भने कसैले पनि तिमिलाई सुखी बनाउन सक्दैन तर, जब तिमी मनदेखि खुसी हुन चाहान्छौ नि तब कसैले पनि तिम्रो खुसी हरण गर्न सक्दैन । (विष्णु थापा संगमको फेसबुक स्टाटस https://www.facebook.com/bishnu.sangam)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बाध्यताको गठबन्धन र स्थायित्वको प्रश्न



श्रीमननारायण

*आमनिर्वाचनको केही महिनापछि नेकपा एमाले र नेकपा माओवादी केन्द्र एकजुट भएर नेकपाको गठन गरे तर एकीकरण भएको केही महिनापछि नै नेकपाबीच विवाद उत्पन्न भयो र यसको परिणति पटक-पटक संसद् विघटन, तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई पदबाट हटाउन, सडक संघर्षदेखि सर्वोच्च अदालतसम्म पुग्नुपरेको थियो । अदालतकै आदेशबाट ओली पदबाट मुक्त भएका थिए र नेपाली कांग्रेसका शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएका थिए । विस २०७९ सालमा भएको आमनिर्वाचमा नेपाली कांग्रेसको नेतृत्वमा नेकपा माओवादी केन्द्र नेकपा (एकीकृत समाजवादी) लोसपा र राजपाले मिलेर चुनाव लडेका थिए । चुनावमा गठबन्धनले बहुमत पनि ल्याएको थियो तर चुनावपश्चात् त्यस गठबन्धनले निरन्तरता पाउन सकेन ।*

गरिबी, बेरोजगारी, महँगीजस्ता जल्दाबल्दा समस्या नेपालका राजनीतिक दल र सरकारको निम्ति प्रमुख प्राथमिकताको विषय हुनुपर्ने हो । मुलुक आर्थिक मन्दीको अवस्थाबाट गुज्रिरहेको छ, लगानीका निम्ति निजी क्षेत्रमा उत्साह देखिएको छैन, रोजगारीको अवसर संकुचित भइरहेको छ, कलकारखानाको अवस्था दयनीय नै छ, यस्तोमा देशका राजनीतिक दलहरू एकजुट भई देश विकासका लागि दत्तचित भएर लाग्नुपर्नेमा केवल सत्तागठबन्धनलाई बलियो बनाउने दिशामा काम गर्नु दुर्भाग्यपूर्ण हो । १५ महिनामा तेस्रो पटक प्रधानमन्त्री पदको शपथ लिनु नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको अस्थिर राजनीतिक अडानको उदाहरण हो । एक किसिमले यो जनादेशको अपमान पनि हो तर नेपालको राजनीतिमा मान के र सम्मान के ? सत्ता नै राजनीतिको एकमात्र अभिष्ट भएपछि नैतिकताको विषय गौण हुन्छ । आफूहरू साधु (महात्मा) बन्न राजनीतिमा आएको होइन भन्ने टिप्पणीहरू नेपाली नेताका घोषित वक्तव्य नै हुन् । यस्तोमा सत्तामुखी हुनु अस्वाभाविक होइन । लगातार तीन गठबन्धनका प्रधानमन्त्री पुष्पकमल दाहालले गत साता मन्त्रिपरिषद् विस्तार गरे । सुशासन, विकास, सामाजिक न्याय र समृद्धिको दिशामा देश अगाडि बढ्ने उनको उद्घोषको परीक्षा पनि सुरु भएको छ । लोकतान्त्रिक शासन प्रणालीमा संविधानसम्मत तरिकाले सरकारको फेरबदल हुनु अस्वाभाविक होइन तर अस्तित्वमा रहेको गठबन्धनको औचित्य सकिनुको कारण के थियो र नयाँ समीकरणको सरकारको आवश्यकता किन पऱ्यो ? यसको जवाफ त लगातार तीनवटै सरकारमा मन्त्री रहेका दलहरूसित नै हुन सक्दछ ?

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफूहरूलाई असफल हुने छुट नरहेको तर अर्थमन्त्री लगायतका सहकर्मीको कार्यक्षमताबाट परिणाम नआएकोले सहभागी फेर्नुपरेको तर्क दिएका छन् तर अर्थमन्त्री र सहयोगी दलमध्ये नेपाली कांग्रेस, लोसपा र जनमतका मन्त्रीले मात्रै सन्तोषजनक काम गर्न सकेका थिएनन् ? नेकपा माओवादी केन्द्र र जसपाका मन्त्रीको कार्यशैलीको पनि आलोचना भएको थियो ? भोलिका दिनमा अथवा निकट भविष्यमा वर्तमान सरकारका मन्त्रीको कामकाज सन्तोषजनक भएन भने फेरि पनि नयाँ सहयोगी दल खोज्ने आवश्यकता पनि आउन सक्दछ ? यस्तोमा सहयोगी दलहरूमात्रै फेरिँदै जाने हो त ? नेपाली जनताको मतादेशको पनि सम्मान हुन सकिरहेको छैन । विसं २०७४ सालको आमनिर्वाचनमा बामगठबन्धनको नाममा जनताले दुई तिहाइ बहुमत दिएका थिए । आमनिर्वाचनको केही महिनापछि नेकपा एमाले र नेकपा माओवादी केन्द्र एकजुट भएर नेकपाको गठन गरे तर एकीकरण भएको केही महिनापछि नै नेकपाबीच विवाद उत्पन्न भयो र यसको परिणति पटक-पटक संसद् विघटन, तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई पदबाट हटाउन, सडक संघर्षदेखि सर्वोच्च अदालतसम्म पुग्नुपरेको थियो । अदालतकै आदेशबाट ओली पदबाट मुक्त भएका थिए र नेपाली कांग्रेसका शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएका थिए । विस २०७९ सालमा भएको आमनिर्वाचमा नेपाली कांग्रेसको नेतृत्वमा नेकपा माओवादी केन्द्र नेकपा (एकीकृत समाजवादी) लोसपा र राजपाले मिलेर चुनाव लडेका थिए । चुनावमा गठबन्धनले बहुमत पनि ल्याएको थियो तर चुनावपश्चात् त्यस गठबन्धनले निरन्तरता पाउन सकेन । चुनावताका नेकपा एमाले र जनता समाजवादी पार्टीबीच भएको गठबन्धनलाई सरकारमा सहभागी हुने अवसर प्राप्त भयो । आमचुनाव सम्पन्न भएको एक महिनाभित्र जनादेशको अपमान भयो । संघीय सरकारसहित सातवटै प्रदेश सरकारमा गैरकांग्रेसी सरकार अस्तित्वमा आएको थियो । प्रतिपक्षमा बस्न कोही पनि नचाहने तर सबैलाई मन्त्री पनि एकै पटक बनाउन नसकिने कटु यथार्थका बीच सरकार बाहिर रहेका दलहरूले सरकारको गलत कामकाजको आलोचना नगर्ने बरु आफ्नो पालो कुरेर बस्ने निर्णय गरे ।

तीन महिनामै नेकपा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टीलाई त्यसबाट बाहिर पारियो । नयाँ सरकारमा नेपाली कांग्रेस, लोसपा, नेकपा (एस) र जनमतले ठाउँ पायो । जनमत पार्टी र जसपा यसअघिको सरकारमा पनि थियो । नेपाली कांग्रेस सरकारमा आएपछि चुनावताका भएको गठबन्धन अस्तित्वमा आयो । जसपालाई पनि सरकारमा सहभागी गराइयो । एक किसिमले यस जनादेशको सम्मान थियो । नेपालको राजनीतिमा विपक्षी दलहरूले खुलेर सरकारको आलोचना नगर्नुको प्रमुख कारण सरकारको नेतृत्व गर्ने दलसितको सम्बन्धलाई नबिगारी आफ्ना निम्ति भविष्यमा सरकारमा सहभागी हुने सम्भावनालाई जीवितै राख्नु हो । नेपालको राजनीतिमा सिन्डिकेट चरित्र हावी छ । केवल ठूला दलहरूमात्रै होइन नेमकिपा र राप्रपाबाहेकका सबै दलका नेताहरू कुनै न कुनै भ्रष्टाचारजन्य घटनामा अथवा विगतका कृत्यका कारण शासन र प्रशासनको खुलेर विरोध गर्न सक्दैनन् । उखु किसान, गुठी संस्थानसँग सम्बन्धित विधेयक र मिटरव्याजी पीडित बाहेककाहरूको आन्दोलन भएको उदाहरण छैन तर यो कुनै राजनीतिक दलको आन्दोलन थिएन । लोकतन्त्रमा जब प्रतिपक्षी दलहरू पनि सत्तापक्षकै प्रशंसा गर्न थाल्दछन्, मौन बस्छन् अथवा सरकासँग मिलेर आफ्नो भाग खोज्छन् र लिन्छन् भने त्यहाँका जनता पराजित हुन्छन्, निरिह हुन्छन् । लोकतन्त्रमा जनताको भाषा बोल्नु विपक्षीहरूको कर्तव्य हो तर हाम्रो देशमा विपक्षी दलहरू पनि सत्तापक्षको भाषा बोल्ने गर्दछन् । वर्तमान गठबन्धन सरकार अस्तित्वमा आउनुको एउटा प्रमुख कारण नेकपा माओवादी केन्द्रको निम्ति सम्वेदनशील र कमजोर कडीको रूपमा रहेको सत्यनिरूपण तथा मेलमिलाप विधेयक पारित गराउनु पनि हो । सशस्त्र द्वन्दकालीन युद्धको निपटारा गर्नु पनि हो ।

आज पनि नेकपा माओवादी केन्द्रका अनेकौं नेता र कार्यकर्तामाथि लगाइएका युद्धकालीन मुद्दाको छिनोफानो हुनसकेको छैन । सत्य निरूपण तथा मेलमिलाप विधेयक कार्यान्वयनमा आएमात्रै माओवादीका नेता र कार्यकर्ता आफ्ना भविष्यप्रति सुनिश्चित हुन सक्दछन् । विधेयकको कार्यान्वयनमा आफ्नो पार्टीले सहयोग गर्ने वाचा दिएपछि माओवादी पार्टी कहिले नेपाली कांग्रेसको नजिक पुग्छ । नेपाली कांग्रेसले यस विधेयकलाई पारित गराउन अनिच्छा देखाएपछि नेकपा एमालेको सहयोग लिन माओवादी बाध्य हुन्छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफ्नो १५ महिनाको सानो अवधिमा ललिता निवास प्रकरण भुटानी शरणार्थी प्रकरण सुन तस्करी काण्ड, सेक्युरिटी प्रेस काण्ड र गिरी बन्धु टिष्टेट प्रकरण तथा बाँसबारी छालाजुत्ता कारखानाको जग्गा प्रकरणलाई प्रकाशमा ल्याएर नेपाली कांग्रेस तथा नेकपा एमालेलाई पनि सम्झौतामुखी बन्न बाध्य परेका छन् तर नेपाली कांग्रेस स्वयं नै विद्वान र धुर्तहरूको संगठन हो । नेकपा एमालेले त आजसम्म नेपाली कांग्रेसलाई झुक्याउन सकेको छैन भने नेकपा माओवादी केन्द्रले झुक्याउने प्रश्न नै उठ्दैन । नेकपा एमाले पनि सजिलै सत्य निरूपण तथा मेलमिलाप विधेयकमा समर्थन गर्न गइरहेको छैन । वर्तमान सरकारमा नेकपा एमालेले गृह, अर्थ र विदेश मन्त्रालयको माग नगर्नु स्वयंमा आश्चर्यजनक छ । नेकपा एमालेले सम्भवत: धेरै थोक हासिल गर्न खोजेको हुन सक्दछ । अहिले एक पटक फेरि पनि वामएकताको कुरा उठेको छ । देशका सबै कम्युनिष्ट पार्टीहरूबीच एकता भए पनि यसले जनताको जनजीवनमा तात्विक अन्तर ल्याउन सक्ने छैन । उदारवादी अर्थव्यवस्थालाई नेपालका कम्युनिष्टहरूले मानेकै छन् । निर्वाचन प्रणालीमाथि विश्वास पनि गर्दै आएको छ । वर्तमान संविधानलाई स्वीकार गरेकै छन्, बनाएकै छन् । यस्तोमा वामपन्थी एकीकरण, मोर्चा अथवा गठबन्धनको के अर्थ ? फेरि पद र सत्ताविना बाँच्न नसक्ने रोगको उपचार नेपालका चिकित्सकसित आवश्य नै छैन । झण्डै आधा दर्जन प्रधानमन्त्री रहेको संगठनमा अनुशासन र त्यागको वर्तामा भूतपूर्व मन्त्रीहरू कल्पना गर्नु ठट्टामात्रै सावित हुनेछ ।

वामपन्थी दलहरूको एकता किन भएको थियो ? कसलाई विश्वास दिलाउन भएको थियो र नेकपा विभाजन हुनलाग्दा पनि यसलाई रोक्ने प्रयास किन भएको थियो ? जबकि नतिजा शून्य नै आएको थियो । एक पटक फेरि पनि नेकपा ब्युँताउने प्रयास हुनेछ तर बालुवामा पानी हाल्न कसैले प्रतिज्ञा नै गरेको छ भने त्यसलाई रोक्न सकिँदैन । वर्तमान सरकारको आयु खासै लामो छैन । नेपालको संविधान २०७२ मा भएको प्रावधान अनुसार प्रतिनिधिसभाको आयु अझ चार वर्ष रहने नै छ । तबसम्म प्रतिपक्षका नेता बदलिइरहन्छन् । प्रधानमन्त्री फेरिने सम्भावना देखिँदैन । नेपाली कांग्रेस र एमालेले मिलेर सरकारको गठन गर्न सके भने खुट्टा पसलमा स्वत: नै ताल्चा लाग्नेछ । नयाँ सरकार बाँकी चार वर्षसम्म कायम रहोस् गठबन्धन चट्टानझैँ अडिग रहोस् तर नारायणघाट-मुग्लिन सडकखण्डको पहिरो सावित नहोस् भन्ने शुभकामना ।

**-इहिमालय टाइम्स डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :धैर्य र सावधान भई काममा लाग्नु असल हुन्छ ।काममा अडचन आउछ। | **तुला** :प्रतिकूल समय चल्दैछ । आर्थिक समस्याले सङ्कट उत्पन्न गर्न सक्छ । |
| **बृष** :असल समय छ । बरु सानातिना कामको झमेला आउनसक्छ । | **बृश्चिक** : तपाईं विरुद्ध काम गर्ने व्यक्तिहरू आफैं परास्त हुनेछन् । |
| **मिथुन** :फेरि पनि यात्राबाट मनले चाहे जस्तो सन्तुष्टि मिल्ने देखिन्न । | **धनु** :शरीर केही आलस्य हुनसक्छ । गरेका कामबाट सन्तोष मान्ने ठाउँ देखिन्छ |
| **कर्कट** : समय मध्यम छ । बिछोडको पीडाले मन बेचैन होला । | **मकर** :सामाजिक काममा संलग्न हुनुपर्ला । मेवा मिष्टान्न परिकार मिल्नेछ, । |
| **सिंह** : घरपरिवारबाट भरमग्दुर सहयोग प्राप्त हुनेछ । आत्मबल बढ्ने छ । | **कुम्भ** :दाजुभाइ वा नजिकका मित्रबाट विशेष सहयोग र सुख प्राप्त हुने देखिन्छ। |
| **कन्या** : आज सबैका लागि प्रणयसम्बन्ध र रतिराग बढाउने समय हो, । | **मिन** :समय मध्यम खालको छ । पारिवारिक समस्याले मन खिन्न हुनेछ । |

# गाडी विलासी होइन, आवश्यकता बन्नुपर्छ : गिरी



अभिनेता दीपकराज गिरीले ९७ लाख रुपैयाँ मूल्य पर्ने टाटाको एच-फाइभ कार किने । बितेको डेढ दशकमा यो उनको चौथो कार हो । यसअघि टाटाको हेक्जा चढ्दै आएका उनले यसपटक पनि पेट्रोलबाटै चल्ने गाडी किनेका हुन् । ईभी नकिनेर किन पेट्रोलवाला ? यसमा उनको आफ्नै कारण छ । दीपक भन्छन्, 'हामी प्रायः सुटिङमा जानुपर्छ । कार्यक्षेत्र गाउँगाउँसम्म हुन्छ । कलाकारलाई ल्याउने लैजाने गर्नुपर्छ ।' कारसँग दीपकको साइनो रोचक छ । आफ्नो हिट कार्यक्रम 'रामविलास धनियाँ' चलाउँदासम्म उनी मास्क लगाएर टेम्पो र साझा बस चढ्थे । साइकल पनि थिएन । शहीदगेटदेखि गुर्जुधारासम्म टेम्पो चढेर सडक नापेका अनुभवका किस्सा उनीसँग छन् ।


*कारसँग दीपकको साइनो रोचक छ । आफ्नो हिट कार्यक्रम 'रामविलास धनियाँ' चलाउँदासम्म उनी मास्क लगाएर टेम्पो र साझा बस चढ्थे । साइकल पनि थिएन । शहीदगेटदेखि गुर्जुधारासम्म टेम्पो चढेर सडक नापेका अनुभवका किस्सा उनीसँग छन् । कार्यक्रमले दिलाएको प्रसिद्धिपछि भने उनको अनुहार चिनिने भइसकेको थियो । त्यसपछि स्पेलेन्डर मोटरसाइकल किने । 'वडा नम्बर ६' को समयसम्म बाइक हाँक्थे । 'छक्कापञ्जा' सिरिजको सुरुवातको बेला भने उनीले गाडी चढ्न थाले । पहिलोपटक हुण्डाइको आइटेन चढे । चौथो पटकको कार किन्दासम्म आफूले यसलाई शो-अपको माध्यमको रुपमा नलिएको दीपक बताउँछन् ।*

कार्यक्रमले दिलाएको प्रसिद्धिपछि भने उनको अनुहार चिनिने भइसकेको थियो । त्यसपछि स्पेलेन्डर मोटरसाइकल किने । 'वडा नम्बर ६' को समयसम्म बाइक हाँक्थे । 'छक्कापञ्जा' सिरिजको सुरुवातको बेला भने उनीले गाडी चढ्न थाले । पहिलोपटक हुण्डाइको आइटेन चढे । चौथो पटकको कार किन्दासम्म आफूले यसलाई शो-अपको माध्यमको रुपमा नलिएको दीपक बताउँछन् । 'दुई-तीन करोडका महँगा जापानी गाडी पनि चढ्न सक्थें होला । तर गाडीको लागि उत्साहित भइन् । तिमी अपग्रेड हुनुपर्छ भनेर साथीहरुले भनिरहन्थे । मेरा लागि यो आवश्यकता हो । मैले यसलाई शो-अपको माध्यमका रुपमा कहिल्यै लिइनँ,' दीपकले भने । कस्तो गाडी चढ्ने र कसरी प्रयोग गर्ने भन्ने कुराको व्यक्तिको स्वभावमा निर्भर हुने उनी बताउँछन् । 'देखाउने नेचर छ भने नयाँ कार, नयाँ मोबाइल, गजेट प्रदर्शन गर्छ । मेरो स्वभाव सकेसम्म नदेखाऊँ भन्ने छ,' उनी भन्छन्, 'यो भनेको प्रतिस्पर्धा गर्ने चीज होइन । घाँटी हेरेर हाड निल्नुपर्छ भन्ने सिद्धान्तबाट निर्देशित छु । कहिल्यै पनि विलासितामा जोड दिइनँ ।' नेपाली सडकका लागि एच-फाइभजस्ता कार उपयुक्त हुने उनको धारणा छ । 'यसले मलाई अझै ५-६ वर्ष मजाले बोक्छ । म अफरोडमा पनि मजाले चलाउन सक्छु,' दीपक भन्छन् । तर कार चढेर हिंड्ने मान्छेका लागि काठमाडौंजस्ता सहरमा सडक चुनौती, लेन अनुशासनदेखि जामका समस्या रहेको उनको अनुभव छ । 'मैले घरमा करोडौं रुपैयाँ गाडी भएका मान्छे मोटरसाइकल चढेर हिंडेको देख्या छु । शनिबार मात्र परिवार लिएर चढ्ने भन्ने मान्छे पनि छन्,' उनी भन्छन् । स्वास्थ्यका लागि दुईपांग्रे उपयुक्त नहुने उनी बताउँछन् । 'दुईपांग्रेबाट माथि जान सक्नुहुन्छ भने माथि जाँदा राम्रो । दुईपांग्रे जोखिमपूर्ण सवारी साधन हो । उमेर बढी छ भने त धुवाँधुलोले स्वास्थ्यलाई असर गर्छ,' दीपक भन्छन्, 'चारपांग्रेमा जाँदा ब्राण्ड हेरेर जानुपर्‍यो । देखाउनका लागि भन्दा पनि आवश्यकताको आधारमा गर्नुपर्‍यो ।' कामको कुरा गर्दा दीपक 'छक्कापञ्जा ५' निर्माणको तयारीमा छन् । वैशाख दोस्रो सातादेखि छायांकन तयारी छ ।

**-अनलाइन खबर डटकम**

# विराजको छोरामा मेकरको नजर





आमा-पिताको पदचाप पछ्याउँदै नेपाली फिल्ममा भित्रने 'स्टार किड्स'को संख्या बढ्दो छ । तर, ज्यादै कमले मात्र आफ्नो प्रभाव छाड्न सफल छन् । अब 'एक्सन स्टार' विराज भट्टका छोरा समीर भट्ट पनि फिल्ममा डेब्यूको तयारीमा छन् । उनलाई विराजले नै आफ्नो नयाँ फिल्म '१२ गाउँ'बाट डेब्यू गराउन लागेका हुन् । पहिलो फिल्ममै समीर एक्सन भूमिकामा प्रस्तुत हुने जनाइएको छ ।

जब विराजले छोराको दुई वटा 'सर्टलेस' तस्वीरहरु सार्वजनिक गर्दै डेब्यूको पुष्टि गरे, त्यसपछि समीरको चर्चा चुलिएको छ । उनको लुक्स र आकर्षक शारीरिक बनावटले मेकरहरुको ध्यान खिचेको छ । त्यसयता उनलाई आधा दर्जनभन्दा बढी फिल्मको प्रस्ताव पुगिसकेको निकट स्रोतको दाबी छ । तर, '१२ गाउँ' रिलिजभन्दा अगाडि छोरालाई अरु फिल्ममा नखेलाउने सोचमा विराज छन् । विराजले छोराको तस्वीर सार्वजनिक गर्नु भन्दा अगाडि केही मेकरहरुलाई देखाएका थिए । र, त्यस बेलादेखि नै उनलाई फिल्मबाट प्रस्ताव आउन थालेको थियो । स्रोतका अनुसार, सन्तोष सेनले फिल्म 'बलिदान'बाट समीरलाई डेब्यू गराउन चाहेका थिए । यही विषयमा कुरा गर्न उनले विराजसँग भेट पनि गरे । तर, उनले '१२ गाउँ'बाटै छोरालाई डेब्यू गराउने बताएपछि कुरा अगाडि बढेन । समीरको तस्वीर सार्वजनिक नहुँदै उनलाई लिएर फिल्म बनाउन निर्देशक सुदर्शन थापाले पनि इच्छा देखाएको स्रोतले जनाएको छ । यतिबेला निर्देशक माइकल चन्दले पनि आफ्नो डेब्यू फिल्म 'राम नाम सत्य'मा समीरलाई लिन प्रयास गरिरहेको जानकारी प्राप्त छ । अन्य केही निर्देशकले पनि समीरका लागि विराजसँग कुरा गरिरहेका छन् । तर, कसैले समीरलाई प्रत्यक्ष भने देखेका छैनन् । यसरी हेर्दा डेब्यू पूर्व नै विराजका छोराप्रति मेकरहरुको आकर्षण देखिएको छ । यसको पछाडि दुईवटा कारण छ । पहिलो, समीर 'स्टार किड्स' हुन् । र, हिरोको परम्परागत मान्यतामा अटाउँछ, उनी । दोस्रो, समीरले फिल्ममा आउनका लागि पूर्व तयारी राम्रै गरेका छन् । अभिनय सिक्नदेखि शरीर बनाउन उनले वर्षौं खर्चिसकेका छन् । यसैले समीरमा धेरै मेकरको नजर परेको देखिन्छ ।

**-फिल्मी खबर डटकम**

# अहिले मूलधार सिनेमा कुन हुन् ?




करिब डेढ दशकअगाडि चलचित्र 'लुट' रिलिज हुँदा फरक धारको सिनेमा भनियो । 'बलिउड फर्मुला'मा सिनेमा बनिरहेका बेला 'लुट' कथा भन्ने फरक शैलीसहित नेपाली चलचित्र उद्योगमा प्रवेश गरेको थियो । पाँच फाइट, चार गीत, हिरोहिरोइनको लभ र रोमान्स, सुरुमा बलियो खलनायक र अन्तिममा हिरोले लिने बदलामा सिनेमा बनिरहेका बेला 'लुट' फरक कथ्यशैलीसहित प्रदर्शन गरिएको थियो । 'लुट'ले रेकर्ड ब्रेक कलेक्सन गर्‍यो । धेरैले अनुमान गरे-फरक धारको 'लुट'ले नेपाली सिनेमाको ट्र्याक नै परिवर्तन गरिदिने भयो । धेरैको अनुमान मिल्यो । त्योजस्तै सिनेमा बनाउने क्रम सुरु भयो । बलिउड फर्मुलामा सिनेमा बनाइरहेका मेकरले 'लुट'ले सुरुआत गरेको कथ्यशैली पछ्याए । 'लुट' जस्तै सिनेमा बनाउने लहर चल्यो । 'लुट' जस्तै सिनेमा बनाउन मेकरबीच प्रतिस्पर्धा नै देखियो । एकथरी मेकरले 'नयाँ धार'का सिनेमा बनाउन थाले । पुराना मेकरले बलिउड शैली नै पछ्याइरहे । अहिले पनि नेपाली सिनेमामा कथा भन्ने शैली दुईथरी नै छ । पहिलो, 'लुट' फर्मुला । दोस्रो, बलिउड फर्मुला । भलै, यी दुवै धारका सिनेमामा हिरोको काँधमा कथा बोकाउने चलन छ । तटस्थ रूपमा कथालाई प्रधान बनाएर सिनेमा बनाउन नेपाली मेकरले सकेका छैनन् ।

पछिल्लो समय कथित 'फरक धार'मा चलचित्र मेकिङको संख्या फर्मुला सिनेमाको भन्दा धेरै भइसकेको छ । अर्थात्, संख्यात्मक हिसाबले हेर्दा फर्मुलाभन्दा फरक धारकै चलचित्रको संख्या उच्च हुन थालिसकेको छ । "नेपाली सिनेमा उद्योगमा अहिले मेनस्ट्रिम सिनेमा कुन हो भन्ने विषय वास्तवमै बहसको विषय हो भन्ने लाग्छ," निर्देशक नरेशकुमार केसी भन्छन्, "कथित फरक धार र मेनस्ट्रिम भनिएका कुन सिनेमामध्ये कुनलाई मूलधार भन्ने भन्नेमै दुविधाको अवस्था छ भन्ने लाग्छ ।" सामान्यतः पपुलर नै मेनस्ट्रिम सिनेमा हुन् । जसमा दर्शकको धेरै रुचि हुन्छ, धेरै बक्सअफिस कलेक्सन गर्छ, त्यही नै मेनस्ट्रिम सिनेमा हो । "एकै वाक्यमा भन्दा स-परिवार जुन सिनेमा हेर्न दर्शक जान्छन्, त्यही नै मेनस्ट्रिम सिनेमा हो," नरेश स्पष्ट पार्छन् । तर, नेपालमा अहिले सिनेमाको संख्या र यसको बजार अध्ययन गर्दा कुनै एकप्रकारका चलचित्र बढी रुचाइन्छ भन्ने नरहेको उनको तर्क छ । "कुनै समय चीनमा मार्सल आर्टका सिनेमा मेनस्ट्रिम थिए । जापानमा थ्रिलर, कोरियामा बच्चाका सिनेमा मेनस्ट्रिम थिए, किनभने ती सिनेमा सबैभन्दा धेरै हेरिन्थे," उनी भन्छन्, "तर, अहिले नेपालमा कुनै एक जानरा विशेषका सिनेमा मात्रै रुचाइरहेको भनेर तोकेरै भन्ने अवस्था छैन ।" पछिल्लो समय नेपालमा धेरै हेरिनेमा 'छक्का पञ्जा' र 'कबड्डी'का सिरिज हुन् । 'कबड्डी' नै नजिक रहेर बनाइएको 'जारी' चलेको थियो । 'छक्का पञ्जा' जस्तै नभए पनि सिचुएसनल कमेडी जानरामा 'जात्रा' सिरिज बनाइँदै छ । 'जात्रा' सिरिजका निर्देशक प्रदीप भट्टराईले बनाएका अधिकांश चलचित्र कमेडी जानराकै वरपर छन् । अरू चलचित्रले खासै व्यापार गर्न सकिरहेका छैनन् । करोड क्लबमा प्रवेश गर्ने सिनेमाले पनि ठूलो आँकडामा कलेक्सन गर्न सकेका छैनन् । "कलेक्सनकै हिसाबले हेर्ने हो भने अहिले हामीले फरक धार भनिएका सिनेमाको बक्सअफिस कलेक्सन राम्रो छ । यिनै सिनेमा हेर्न परिवारसहित दर्शक आएको देखिन्छ," नरेश भन्छन्, "तर, हामीले मेनस्ट्रिम भनिरहेका सिनेमामा दर्शक गएको देखिएको छैन ।" कलेक्सनका हिसाबले अहिले फरक धार भनिएका चलचित्रले नै राम्रो कमाइ गरेकाले यसैलाई मेनस्ट्रिम भन्न सकिने उनको धारणा छ । तर, अधिकांश सिनेमा यही धारमा बनाइँदा एकाध मात्र चलेकाले कसरी मूलधार भन्ने प्रश्न गर्न सकिने ठाउँ रहेको उनी बताउँछन् । यद्यपि, मूलधारका भनिएका सिनेमा फरक धारका जति नहेरिएकाले त्यसलाई कसरी मेनस्ट्रिम स्वीकार गर्ने भन्ने प्रश्न गर्न सकिने नरेशको तर्क छ ।

मूलधारका सिनेमाले कलेक्सन गर्छन् भनेर ठूलो परिमाणमा लगानी गरिए पनि अपेक्षित प्रतिफल प्राप्त भइरहेको छैन । तिनलाई 'कमर्सियल' सिनेमा भनिन्छ । तर, तिनै कमर्सियल भनेर निर्माण गरिएका चलचित्रले व्यापार गर्न सकिरहेका छैनन् । "कमर्सियल सिनेमा भनेर एउटै सिनेमामा तीन/चार करोड लगानी भइरहेको छ । तर, तिनै सिनेमाको लगानी डुबिरहेको छ । जति धेरै लगानी भयो, त्यति धेरै लगानी उठ्ने प्रतिशत घट्दै जान्छ," नरेश भन्छन्, "तीन करोडमा त त्यस्तै पर्‍यो भने सानो बजेटका तीनवटा आर्ट सिनेमा बन्छन् । जति कम लगानीमा सिनेमा बन्यो, लगानी रिकभर हुने सम्भावना पनि त्यति नै धेरै हुन्छ । अहिले मेकरले यो तथ्य किन बुझिरहेका छैनन् भन्ने हो ।" नेपाली सिनेमा उद्योगमा अहिले सबैभन्दा धेरै घाटा नै कमर्सियल भनेर बनाइने चलचित्रबाट भइरहेको उनको भनाइ छ । सिनेमा उद्योगमा अहिलेको घाटा कम गर्न कमर्सियलभन्दा पनि आर्टहाउस मुभीमा लगानी गर्नु जायज हुनेमा उनी जोड दिन्छन् । अब्स्ट्र्याक र मेनस्ट्रिम भनेर के आधारमा सिनेमालाई वर्गीकरण गर्ने भन्ने विषयमा आफू पनि दोधारमा रहेको नायिका केकी अधिकारी बताउँछिन् । "ट्रेन्ड फलो गर्ने क्रममा एउटाले ट्रेन्ड सेट गर्छ होला, बक्सअफिस कलेक्सन राम्रो गरेपछि त्यसलाई मूलधार समात्यो भन्ने होला ?," केकी भन्छिन्, "अब्स्ट्र्याक भन्नेबित्तिकै टाइटभन्दा अलि बेग्लै सिनेमा होला । जसले कमर्सियल रूपमा हिट सिनेमा दिइरहेका हुन्छन्, त्यो ट्रेन्ड फलो नगरी त्यसको विपरीत दिशामा हिँड्ने सिनेमा सायद अब्स्ट्र्याक मुभी होलान् ।" समयानुसार सिनेमाको परिभाषा पनि परिवर्तन हुँदै जाने उनी बताउँछिन् । राजेश हमालको समयमा उनले काम गर्ने चलचित्र मेनस्ट्रिम रहेको स्मरण गर्दै केकी 'लुट' अब्स्ट्र्याक सिनेमामा गणना हुने तर्क गर्छिन् । "जब 'लुट'ले नयाँ ट्रेन्ड सेट गर्‍यो र त्यसलाई फलो गर्दै अरू सिनेमा त्यस्तै बन्न थाले, त्यसपछि 'लुट'ले सेट गरेको ट्रेन्डमा बन्ने सिनेमा मेनस्ट्रिम बन्यो," उनी भन्छिन्, "अब अहिलेको ट्रेन्ड हेर्दा पहिलाका मूलधारका सिनेमा अहिले अब्स्ट्र्याक भए होला भन्ने लाग्छ ।" पहिले अब्स्ट्र्याक भनिएका सिनेमा नै अहिले दर्शकले हेर्न थालेको र त्यसैले राम्रो कलेक्सन गरिरहेको केकी सुनाउँछिन् । ट्रेलरबाटै दर्शक हलसम्म जाने अवस्था कुनै सिनेमाले बनाउँछ भने त्यसैलाई मूलधार भन्नुपर्ने उनको धारणा छ । 'लुट'ले सेट गरेको ट्रेन्डअनुसार धेरै सिनेमा बनाइएको र त्यस्तै चलचित्र तुलनात्मक रूपमा दर्शकको रोजाइमा पर्ने गरेको उनी बताउँछिन् । अहिले धेरै सिनेमाले 'छक्का पञ्जा' र 'कबड्डी'को ट्रेन्ड फलो गरिरहेको केकीको भनाइ छ । "अहिले धेरै मेकरले 'छक्का पञ्जा' र 'कबड्डी'कै ट्रेन्ड फलो गरिरहेको देखिन्छ । ट्रेलरमा पनि त्यस्तै देखिन्छ । फिल्म हेर्दा पनि प्रयास त्यस्तै देखिन्छ," उनी भन्छिन्, "यो कुरा हुनेबित्तिकै त्यसले मूलधार समात्यो भन्ने नै हो । पहिला यिनै सिनेमा अब्स्ट्र्याक थिए । जसमा समावेश हुने फेस पनि कमर्सियल भ्यालु नभएको फेस भनेजसरी लिइन्थ्यो । समयको परिवर्तनसँगै मूलधारमा कुनै समयका अब्स्ट्र्याक मुभी आइपुगे भन्ने लाग्छ ।" मूलधार विपरीतका चलचित्र नै अब्स्ट्र्याक मुभी भन्ने उनको बुझाइ छ । इतिहासको अध्ययन गर्दा निश्चित समयपछि दर्शकको रुचिअनुसार सिनेमाको मेकिङ पनि फेरिँदै आएको देखिने केकी बताउँछिन् ।

निर्देशक प्रमोद कँडेल दर्शकमाझ बिक्री हुने चलचित्र नै मूलधारको सिनेमा भएको टिप्पणी गर्छन् । "वडा नम्बर ६ बनाउँदा दीपकराज गिरी र दीपाश्री निरौलाको टिम मेनस्ट्रिम थिएन । तर, 'छक्का पञ्जा'मा आइपुग्दा उनीहरू मेनस्ट्रिम मेकरका रूपमा आइपुगे," प्रमोद स्पष्ट पार्छन्, "'लुट' बनाउँदा निश्चल बस्नेतले अब्स्ट्र्याक मुभी बनाएका थिए । तर, निश्चलले 'दिमाग खराब' बनाउँदा मेनस्ट्रिम मेकरका रूपमा बनाएका हुन् ।" 'दंगल' बनाउँदा आमिर खान मेनस्ट्रिममा थिएनन् । तर, अहिले उनले बनाउने सिनेमा मेनस्ट्रिममा दरिइसकेको कँडेलको तर्क छ । "नेपालमा केही समयता कमेडी जानराका सिनेमा मेनस्ट्रिम भएको हो । अहिले एक्सन जानरा मेनस्ट्रिम हुन खोजिरहेको छ, तर सकिरहेको छैन," उनी भन्छन्, "दर्शकले जे मन पराउँछन्, जुन कलाकार र निर्देशकले आफ्नो ब्रान्ड बनाउँछ, त्यही नै मेनस्ट्रिम हो ।" लन्डनका प्रोडक्सन हाउसहरूले नियमित रूपमा सिनेमा बनाउन थालेपछि विश्वमा मेनस्ट्रिम चलचित्र मेकिङको सुरुआत भएको थियो । ती स्टुडियोहरूले स्टार भ्यालु भएका कलाकार लिएर सिनेमा बनाएर आमपब्लिकमाझ पुर्‍याउँथे । र, मिडियामा पनि सेलिब्रिटीका न्युजले ठूलो स्थान पाउन थालेपछि मेनस्ट्रिम सिनेमाको विकास र विस्तार भएको इतिहास छ ।

**-बाह्रखरी डटकम**

# सामूहिक ढाका बुनाइबाट आत्मनिर्भर बन्दै महिला



**ढोरपाटन (बागलुङ),** फागुन २९/ताराखोला गाउँपालिकाका महिला सामूहिकरूपमा उद्यममा लागेका छन् । ताराखोला-२ अर्गलका महिलाले गाउँमै उद्यमी बन्ने उद्देश्यले ढाका उद्योग सञ्चालनमा ल्याएका छन् । अघिल्लो वर्ष एकमहिने तालिम लिएपछि अर्गलका महिलाले सामूहिकरूपमा ढाका उत्पादनमा लागेका हुन् ।

गतवर्ष फागुनमा एक महिना तालिम लिएपछि रु सात लाख लगानीमा ताराखोला होजियारी लघुउद्यमी समूहमार्फत ढाकाका सामान उत्पादनमा लागेकाको समूहकी अध्यक्ष दिलकुमारी घर्ती मगरले बताइन् । उद्योग सात जना महिलाले सञ्चालन गरेको उनको भनाइ छ । उद्योगबाट ढाकाका विद्यालय पोशाक, स्वीटर, मफलर, आउटर, ट्राउजर, टोपी र गलबन्दी लगायत सामग्री उत्पादन गर्दै आएको अध्यक्ष घर्ती मगरले बताइन् । ताराखोला गाउँपालिकाको ७५ र उद्यमी महिलाको २५ प्रतिशत लगानीमा उद्यम सुरु गरिएको भन्दै उत्पादन गरेको सामग्री गाउँमै राम्रो खपत भइरहेको उनले बताइन् । उनले भने, "उद्योग सञ्चालन गर्न गाउँपालिकाले धेरै सहयोग गरेको छ, हामीले पनि मेहनत गरिरहेका छौँ, छोटो समयमा पनि निकै राम्रो भएको छ, हामीहरूले उत्पादन गरेका सामग्री बिक्री भएन भनेर पिर गर्ने अवस्था छैन, यहींबाट खपत भइरहेको छ, सिक्दै काम गर्दै गर्दा पनि धेरैतिरबाट हौसला मिलेको छ", उद्योगलाई थप व्यवस्थित बनाउँदै जाने योजनामा छौँ, गाउँमा पनि केही गर्न सकिने रहेछ भन्ने लागेको छ ।" ताराखोला गाउँपालिकाकी उद्यम विकास सहजकर्ता निरु घर्तीले महिला उद्यमीले उत्पादन गरेका सामग्रीले बजार पाइराखेको बताइन् । प्रचार-प्रसारका लागि समय-समयमा मेला महोत्सवमा लगेर प्रद्धर्शनसमेत गर्ने गरेको भन्दै पछिल्लो समय ग्राहक उद्योगमै आएर लैजाने गरेको उनको भनाइ छ । एकमहिने तालिमले यहाँका महिलाको दैनिकी नै बदलिएको भन्दै पहिले घरको चुलोचौकामा सीमित हुने महिला अहिले उद्यमी बन्न थालेको घर्तीले बताइन् । गाउँपालिकाले उद्यमीका लागि निरन्तर सहयोग गर्दै आएको उनको भनाइ छ । "यहाँका महिला दिदीबहिनी निकै उत्साहित भएर काम गर्नुभएको छ, उहाँहरूले सञ्चालन गरेको उद्योगमा गाउँपालिकाले पनि सहयोग गर्दै आएको छ, सुरुमा तालिम लिने बेला त्यत्ति उत्साह देखिएन तर अहिले धेरैले चासो दिनुभएको छ", सहजकर्ता घर्तीले भनिन्, "उद्यम र सीपले यहाँका महिलालाई आत्मनिर्भर बनाउन थालेको छ, बजारको कुनै समस्या नभएको हुँदा उत्पादन पनि निरन्तर गरिराख्नुभएको छ, गाउँपालिकाले गर्ने प्राविधिकदेखि विभिन्न किसिमका सहयोग गर्दै आएको छ ।" *-रासस*


## वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


खेलकुद समाचार

## पपुवा न्युगिनीलाई हराउँदै नेपाल फाइनलमा



**काठमाडौं,** फागुन २९/नेपालले त्रिकोणात्मक टी-२० आई सिरिजमा पपुवा न्युगिनीलाई ८५ रनले हराउँदै फाइनलमा स्थान पक्का गरेको छ । नेपाल २ खेलमा ३ अंकका साथ शीर्षस्थानमा रहँदै फाइनलमा पुगेको हो ।

जितको लागि १९९ रनको लक्ष्य पछ्याएको पपुवा न्युगिनी १६.१ ओभरमा ११३ रनमा अल आउट भयो । पपुवा न्युगिनीका हिरी हिरीले १९ बलमा १ चौका र २ छक्कासहित सर्वाधिक २८ रन बनाए । टोनी उरा १३ र सेसे बाउ २१ रनमा आउट भए । अन्य कुनै पनि ब्याटरले राम्रो प्रदर्शन गर्न सकेनन् । नेपालका कुशल भुर्तेलले ४ ओभरमा १२ रन खर्चेर ४ विकेट लिए । प्रतिश जि.सीले ४ ओभरमा ४० रन खर्चेर २ विकेट लिए । गुलशन झा र आकाश चन्दले एक/एक विकेट लिए । त्यसअघि मोगं कोगंमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले २० ओभरमा ६ विकेट गुमाउँदै १९८ रन बनाएको थियो । नेपालको जितमा कुशल भुर्तेलले ३९ बलमा ४ चौका र ४ छक्कासहित सर्वाधिक ५९ रनका थिए । सन्दीप जोराले २६ बलमा ३ चौका र ४ छक्कासहित ५६ रन बनाएका थिए । टी-२० आईमा कुशल भुर्तेलको आठौं र सन्दीप जोराको दोस्रो अर्धशतक थियो ।

नेपाललाई ओपनर विनोद र कुशल भुर्तेलले ७.३ ओभरमा ६४ रनको सुरुवात दिलाएका थिए । विनोद भण्डारी २२ बलमा २ चौका र एक छक्कासहित २७, रोहित पौडेल १ र आरिफ शेख ४ रनमा आउट भए । लोकेश बम ६ बलमा २ छक्कासहित १४ रनमा रन आउट भए । विवेक यादव ४ बलमा ३ छक्कासहित १९ रनमा नट आउट रहे । गुलशन झा १२ बलमा १ छक्कासहित १५ रनमा नट आउट रहे । पपुवा न्युगिनीका असाद भालाले ३ ओभरमा १८ रन खर्चेर २ विकेट लिए । नोसैना पोकना, जोहन कारिको र नर्मन भानुआले १-१ विकेट लिए । नेपाल र हङकङबीचको पहिलो खेल वर्षाको कारण रद्ध भएको थियो । त्रिकोणात्मक अन्तर्राष्ट्रिय टी-२० शृङ्खला अन्तर्गत दोस्रो खेलमा पपुवा न्यूगिनीले हङकङलाई पराजित गर्दै फाइनलमा नेपालसँग खेल्ने भएको छ । आज (बुधबार) फाइनलमा खेल हुँदैछ ।

अर्थ/कर्पोरेट समाचार

## नेप्सेमा उच्च अंकको वृद्धि



**पाल्पा,** फागुन २९/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अंकको वृद्धि देखिएको छ । मंगलबार नेप्से परिसूचक ५८ दशमलव ५८ अंकले बढेर दुई हजार एक सय ११ दशमलव २४ अंकमा कायम भएको हो ।

नेप्से परिसूचक करिब एक महिनापछि दुई हजार एक सयको बिन्दु नाघेको छ । विभिन्न तीन सय पाँच कम्पनीका एक करोड छ लाख नौ हजार पाँच सय ९७ कित्ता शेयर ८२ हजार सात सय ४६ पटक खरिदबिक्री हुँदा रु चार अर्ब ५५ करोड १६ लाख ३२ हजार तीन सय ४७ बराबरको कारोबार भएको छ । कारोबारमा सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै जीवन बीमा समूह पाँच दशमलव ४४, लघुवित्त समूह पाँच दशमलव ०५ र होटल तथा पर्यटन समूह तीन दशमलव ९३ प्रतिशतले बढेको छ । बैंकिङ तीन दशमलव १०, विकास बैंक दुई दशमलव १७, वित्त समूह दुई दशमलव २९, जलविद्युत शून्य दशमलव ९९, लगानी समूह एक दशमलव ८७ र उत्पादन तथा प्रशोधन समूह दुई दशमलव ३४ प्रतिशतले बढेको छ । म्युचुअल फन्ड एक दशमलव ५५, निर्जीवन बीमा तीन दशमलव १५, व्यापार एक दशमलव ६९ र अन्य समूह एक दशमलव ६४ प्रतिशतले बढेको छ । साथै पाँचवटा लघुवित्त कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड, उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड, विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड र जालपा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो । हिमालयन ८०-२० को शेयर मूल्य सबैभन्दा धेरै दुई दशमलव ५७ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा मंगलबार सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु ३७ करोड १९ लाख ३३ हजार सात सय ८६ बराबरको छ लाख ७३ हजार सात सय छ कित्ता किनबेच भएको छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
बढुवा समितिको सचिवालय
पाल्पा

## बढुवा सिफारिस सम्बन्धी सूचना

***सूचना प्रकाशन मिति : २०८०/११/३०***

लोकसेवा आयोग केन्द्रिय कार्यालयको बढुवा सूचना नं. ७७९/०८०-०८१ मिति २०८०/०९/२५ तथा लोकसेवा आयोग बुटवल कार्यालयको प.स.०८०/०८१ च.न.३९८ मिति २०८०/०९/२९ को पत्र र बढुवा सूचना नं. २४६/०८०/०८१ को रा.प.अनं. प्रथम श्रेणी, प्रशासन सेवा, लेखा समूहको लेखापाल पद १ मा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवामा निम्नानुसारको पद, श्रेणी, सेवा समूहको रिक्त रहेको पदमा बढुवा गर्न बढुवा समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी श्री आनन्द काफ्लेज्यूको अध्यक्षतामा मिति २०८०/११/२९ गते बसेको बढुवा समितिको बैठकको निर्णयानुसार तपसिलमा उल्लेखित उम्मेदवारलाई निजामती सेवा ऐन २०४९ (संसोधन सहित) को दफा २४ (घ) १ (क) बमोजिम कार्यक्षमताको मूल्याङ्कनको आधारमा हुने बढुवाको लागि सिफारिस गर्ने निर्णय भएकोले निजामती सेवा ऐन २०४९ को दफा २४ (च) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**पद/श्रेणी :-** लेखापाल/रा.प.अनं.प्रथम

**सेवा/समूह/उपसमूह :-** प्रशासन/लेखा

**बढुवा सूचना नं. :-** २४६/०८०/०८१ (जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन)

| सि.नं | संकेत नं | नामथर | बढुवा हुने पद | कार्यरत कार्यालय | सिफारिस भई जाने कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २१९४९२ | श्री सूर्य प्रसाद गैरे | लेखापाल | मालपोत कार्यालय, रामपुर पाल्पा | जिल्ला प्रशासन कार्यालय पाल्पा | |

## वैदेशिक रोजगारीका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरु

- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारीमा नजाऔं,
- वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,
- आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,
- अर्काको लहैलहैमा वैदेशिक रोजगारमा नजाऔं,
- ईजाजत प्राप्त कम्पनीमार्फत रोजगारीमा जाऔं, दलालको फन्दामा नपरौं,
- सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं,
- नेपालको विमानस्थल प्रयोग गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,
- सरकारले तोकेभन्दा बढी रकम मागेमा तुरुन्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,
- विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारिक माध्यमबाट मात्र घर पठाऔं,
- विदेशमा फजुल खर्च नगरौं, कमाएको रकम बचत गरी घर फर्की आफै उद्यमी बनौं,
- श्रम स्वीकृतीको अवधि सकिएपछि अनिवार्य स्वदेश फर्किऔं,
- पुन: जानु पर्ने भए श्रम स्वीकृति लिएर मात्र जाऔं ।

लुम्बिनी प्रदेश सरकार
**गृह मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई